साँफेबगर नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहिकरण रणनिती, २०७९ कार्यान्वयनका लागि विस्तृत कार्ययोजना
२०८२

# पाँच वर्षे विस्तृत कार्ययोजना

२०८२/८३ - २०८६/८७

साँफेबगर नगरपालिका, अछाम जिल्ला, सुदूरपश्चिम प्रदेश

# साँफेबगर नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहिकरण रणनिती, २०७९ कार्यान्वयनका लागि विस्तृत कार्ययोजना, २०८२

## परिचय

सुदूरपश्चिम प्रदेशको अछाम जिल्ला स्थित साँफेबगर नगरपालिकाले २०७९ मा **लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहिकरण** रणनिती तयार गरेकोमा सो नीतिलाई कार्यान्वयन गर्न कार्ययोजना बनाउन वाञ्छनीय भएकोले साँफेबगर नगरपालिकाको आयोजना र UNFPA एवम् न्याय तथा अधिकार संस्था नेपाल (Justice and Rights Institute - Nepal) को सहयोग र सहकार्यमा २०८१ फागुन १३ गतेका दिन नगरपालिकाको सभाहलमा परामर्श कार्यशालाको आयोजना गरी सो कार्यशालामा सहभागीहरूबाट प्राप्त राय सुझावका आधारमा यो **"साँफेबगर नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहिकरण रणनिती, २०७९ कार्यान्वयनका लागि विस्तृत कार्ययोजना"** निर्माण गरिएको छ।

## विधि

यो **विस्तृत** कार्ययोजना निर्माणका लागि देहायका विधि अपनाइएको छः

- नीति दस्तावेजको अध्ययन गरिएको,
- एक दिने परामर्श कार्यशाला आयोजना गरी नीतिको महत्व र कार्ययोजना निर्माणको आवश्यकता सहित नीतिमा उल्लेख भएका मुख्य मुख्य बुँदाहरु बारे सहभागीहरूको जानकारीका लागि प्रस्तुत गरिएको,
- नीति दस्तावेजमा रहेका रणनीति तथा कार्यनीतिहरू बारे कार्यशालामा प्रस्तुत गरिएको,
- प्रस्तुति पछि रणनीति/कार्यनीतिका आधारमा विषयगत रूपमा clustering गर्नुका साथै कार्ययोजनामा समेटिनु पर्ने कार्यक्रम/क्रियाकलापहरू बारे मुख्य जिम्मेवार र सहयोगी निकाय, समय सीमा, बजेट, मापनका सूचक र पुष्ट्याईंका आधार समेतको खाका/ढाँचा तयार पारी सहभागीहरूको सुझाव र पृष्ठपोषण प्राप्त गर्नका निम्ति सहभागीहरूलाई निम्न चार समूहमा विभाजन गरी समूह कार्य गर्न लगाइएकोः
    - मूलप्रवाहीकरण (नीति, कानून, कार्यविधि, मापदण्ड, योजना, कार्यक्रम, बजेट आदिद्वारा सम्बोधन गर्ने विषयहरू),
    - सुशासन (नगरपालिका र अन्तर्गत लैससास उत्तरदायी शासन व्यवस्थालाई संस्थागत गर्ने विषयहरू),
    - सशक्तिकरण (लैससास नीति अनुसार महिला लगायत नगरपालिकाले प्राथमिकतामा राखी ध्यान दिनु पर्ने महिला लगायत लक्षित वर्गलाई अवसर र लाभमा पँहुच दिई गर्नुपर्ने राजनीतिक, सामाजिक तथा आर्थिक सशक्तिकरण सम्बन्धी सवालहरू)
    - निराकरण (सामाजिक तथा लैङ्गिक विभेद, शोषण र हिंसा एवम् हानिकारक परम्पराको निरोध र पीडित/प्रभावितका लागि हेरचाह तथा संरक्षण सम्बन्धी कार्यक्रम),
- प्रत्येक समूहले तयार पारेको कार्यलाई प्लेनरीमा प्रस्तुत गर्न लगाई थप सुझाव सङ्कलन गरिएको,

- परामर्श कार्यशालाबाट प्राप्त सुझावका आधारमा विस्तृत कार्यान्वयन कार्ययोजनाको मस्यौदा तयार पारिएको।
- सकेसम्म नगरपालिकाले पारित गरेको लैससास नीति दस्तावेजमा उल्लेख भएका नीति, रणनीति र कार्यनीति भित्र रही कार्यक्रम तथा क्रियाकलापहरू निर्धारण गरी समूह अभ्यास गरिएको।
- लैङ्गिक हिंसाका साथै हानिकारक परम्परा निवारण लगायत केही सवालहरूका सम्बन्धमा नगरपालिकाको नीति दस्तावेजमा छुटेको देखिएकोले ती विषयहरू समेतलाई समेटी समूह कार्यद्वारा सुझाव सङ्कलन गरी यस **विस्तृत** कार्ययोजनामा समावेश गरिएको।

## सहभागीहरू

- नगरपालिकाका प्रमुख, उप-प्रमुख, वडा अध्यक्षहरू, नगर कार्यपालिका सदस्यहरू लगायत निर्वाचित जनप्रतिनिधिहरू,
- नगरपालिकाका शाखा प्रमुखहरू र अन्य कर्मचारीहरू,
- स्थानीय तहका साझेदार गैरसरकारी संस्थाका प्रतिनिधिहरू,
- स्थानीय पत्रकारहरू,
- UNFPA, JuRI -Nepal का प्रतिनिधि लगायतका प्राविधिक टोली ।

## सरोकारवाला पहिचान

**नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहिकरण** रणनितीले प्राथमिकिकरण गरेका **सरोकारवाला**हरु नै यो **विस्तृत** कार्ययोजना **कार्यान्वयनका** का लागी समन्वय तथा सहकार्य गर्ने **सरोकारवाला** हुनेछन ।

### लक्षित वर्ग पहिचान

**नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहिकरण** रणनितीले प्राथमिकिकरण गरेका **लक्षित वर्ग**

- विपन्न तथा एकल महिला लगायत महिलाहरू
- बालबालिका
- अपाङ्गता भएका व्यक्ति
- ज्येष्ठ नागरिक
- यौनिक तथा लैङ्गिक अल्पसंख्यक
- धार्मिक अल्पसंख्यक
- अति बिपन्न समुदाय
- द्वन्द्व पीडित

### विस्तृत कार्ययोजनामा थप गरिएका लक्षित वर्ग

- दलित
- अल्पसंख्यक (माझी) लगाएत आदिवासी जनजाति
- लोपोन्मुख जातजाती
- मजदुर
- विपन्न वर्ग

- सुकुम्वासी
- लैङ्गिक हिंसा पीडित/प्रभावित
- मानव बेचबिखन पीडित/प्रभावित
- एच.आई.भी/एड्स प्रभावित

## सुधार

साँफेबगर नगरपालिकाको **लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहिकरण** रणनिती, २०७९ कार्यान्वयनका लागि यो **विस्तृत** कार्ययोजनाको मस्यौदामा नीतिमा रहेका केही कमीकमजोरीहरूलाई ध्यान दिई निम्न अनुसार सुधार गर्ने प्रयास गरिएको छः

- दोहरिएका बुँदाहरूलाई हटाइएको,
- छुटेका कुराहरू थप गरिएको,
- शुद्धाशुद्धिलाई सकेसम्म ध्यान दिइएको।

## सिफारिस

- आगामी आर्थिक वर्ष (आ.व. २०८२/०८३) देखि नै लागू हुने गरी साँफेबगर नगरपालिकाले " **लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहिकरण** रणनिती, २०७९ कार्यान्वयन कार्ययोजना" लाई ग्रहण गर्न आवश्यक तयारी गर्ने।
- यस सिलसिलामा नगरपालिकामा यो मस्यौदा कार्ययोजनालाई सम्बन्धित पदाधिकारीहरूले यथाशीघ्र गहिरो अध्ययन गरी आवश्यक संसोधन सहित अन्तिम रूप दिई नगर कार्यपालिका/नगरसभाद्वारा पारित गरी राजपत्रमा प्रकाशित गर्ने।
- नगरपालिकाको नीति तथा कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका लागि दस्तावेजमा उल्लेख भए अनुसार विभिन्न तहका समितिहरू तत्कालै गठन गर्ने।
- लैससास नीति तथा कार्ययोजनामा उल्लेख भएका क्रियाकलापहरू बारे सरोकारवाला सबैलाई जानकारी गराउन अभिमूखीकरण गर्ने।
- विस्तृत कार्ययोजना कार्यान्वयन, अनुगमन तथा समन्वय समिति" गठन गरि कार्ययोजनाको प्रभावकारी कार्यान्वयनको लागि नेतृत्वदायि भूमिका निर्वाह गर्ने ।

# साँफेबगर नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहिकरण रणनिती, २०७९ कार्यान्वयनका लागि विस्तृत कार्ययोजना, २०८२

**मूलप्रवाहीकरण**

**रणनीति ५.२.१: मूलप्रवाहीकरण**

**(क) नगरपालिकामा महिला, दलित, गरीब र बहिष्करणमा परेका समुदायले भोगेका समस्या र सवालहरूको पहिचान तथा लेखाजोखा गरी नीतिगत ब्यवस्थाहरू, संस्थागत प्रणाली तथा संरचनाहरू, कार्य वातावरण र संस्कृति, योजना, बजेट, पँहुचयुक्त अवसर, सेवामूलक कार्य, अनुगमन, मूल्यांकन र अनुसन्धान आदि कार्य मार्फत पछाडि परेका वा पारिएका असक्त, गरीब तथा लक्षित वर्ग/समूहको सवाल र समस्या पहिचान गरी, उनीहरूलाई समान अवसर दिई सवाल र समस्याको सम्बोधन गरी उनीहरूको समग्र नगरपालिकाको विकास प्रक्रियामा मूलप्रबाहीकरण गरिने छ।**

**(ख) लैङ्गिक उत्तरदायी तथा समावेशी बजेट परीक्षण र लैङ्गिक उत्तरदायी बजेट मार्फत नगरपालिकाको संरचना र कार्यक्रमहरूमा महिला र सीमान्तकृत समूहहरूमा समावेश गरी लैङ्गिक समानता र सबै जातजातिको अर्थपूर्ण सहभागिता गराई लैङ्गिक मूलप्रबाहीकरण गर्दै लगिने छ।**

**कार्यनीति ५.३.१ (क): योजना, कार्यक्रम तथा बजेट चक्रमा यस नगरपालिकाले लैससास मैत्री योजना र कार्यक्रम निर्माण गर्न पूँजीगत बजेटको कम्तिमा (महिला .... दलित...... बालबालिका......) ३५% वा ....... बजेट छुट्याइने छ। यसरी छुट्याइएको बजेट पछाडि परेका वा पारिएका, बिकासका अवसरबाट बञ्चित, श्रोत र साधनमा पहुँच तथा नियन्त्रणमा पछाडि परेका वा पारिएका गरीब, महिला, दलित, बाल-बालिका, आदिबासी जनजाति, जेष्ट नागरिक, अपाङ्गता भएका व्यक्तिहरू, पछाडि पारिएको/परेको वर्ग, अल्पसंख्यक तथा अन्य सीमान्तकृत समूह आदिलाई प्राथमिकता दिई उनीहरूलाई बिकासको मूलधारमा ल्याउन कार्यान्वयन गरिने छ।**

| क्र सं | कार्यक्रम/क्रियाकलाप | मुख्य जिम्मेवारी | समन्वय तथा सहकार्य | समय सीमा | बजेट आन्तरिक/बाह्य | मापनका सूचक | पुष्ट्याईंका आधारहरू |
|---|---|---|---|---|---|---|---|
| १ | लैससास मैत्री योजना र कार्यक्रम निर्माण गर्न पूँजीगत बजेटको निश्चित प्रतिशत महिला लगायत लक्षित वर्गका लागि छुट्टयाउने। | • नगर कार्यपालिका<br>• योजना शाखा<br>• सबै वडा कार्यालय | • सबै विषयगत शाखा<br>• गैसस<br>• विकास साझेदार | निरन्तर | नगरपालिकाको बार्षिक कार्यक्रम तथा बजेटमा ३५% लक्षित वर्गमा पुग्ने गरी व्यवस्था गर्ने (आन्तरिक/बाह्य) | • नीति तथा कार्यक्रममा ३५% बजेट लैङ्गिक बजेटका रूपमा महिला लगायत विभिन्न लक्षित वर्गको पहुँच सुनिश्चित भएको हुने।<br>• लक्षित वर्गका लागि कार्यक्रम तथा बजेट कार्यान्वयन गर्दा अन्तरविभाजकतादाई ध्यानमा राखी सबैभन्दा गरीव, निमुखा र पछाडि पारिएका वर्गलाई प्राथमिकता राखेको हुने। | • नगरपालिकाको नीति तथा कार्यक्रम<br>• रातो किताब<br>• नगरपालिकाको वेभसाइट |
| २ | लक्षित वर्गका लागि छुट्याइएको बजेट अन्तर्गतका कार्यक्रमहरूमा महिला लगायत लक्षित वर्गलाई मूलधारमा ल्याउन अन्तरविभाजकतालाई ध्यान दिई प्राथमिकता तोक्ने। | | | | | | |

**कार्यनीति (ख): बढी भन्दा बढी अर्थपूर्ण जनसहभागीता सुनिश्चत गर्न संस्थागत संयन्त्र, प्रतिनिधित्व प्रणाली र कार्य क्षेत्रगत शर्त निर्धारण गरिने छ ।**

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | नगरपालिका अन्तर्गत गठन हुने विभिन्न समितिहरू लगायत टोल समुदायमा गठन हुने समुदायमा आधारित विभिन्न उपभोक्ता समिति, टोल विकास संस्था, आमा समूह, महिला समूह, निगरानी समूहहरूमा महिला लगायत लक्षित वर्गको अर्थपूर्ण र समावेशी सहभागिता सुनिश्चित हुने गरी मानक मापदण्ड र कार्यक्षेत्रगत शर्त निर्माण गर्ने। | • वडा कार्यालय<br>• महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | • सबै विषयगत शाखा<br>• गैसस<br>• विकास साझेदार | ३ महिना | रू १ लाख | • विभिन्न समिति तथा संयन्त्रहरूमा महिला लगायत लक्षित वर्गको अर्थपूर्ण र समावेशी सहभागिता सुनिश्चित गर्नका लागि मानक मापदण्ड र कार्यक्षेत्रगत सर्त निर्माण भई लागू भएको हुने। | • लक्षित वर्गको सहभागिता बारे मानक मापदण्ड र कार्यक्षेत्रगत शर्त<br>• परिपत्र<br>• समिति संयन्त्र गठन सम्बन्धी जानकारी<br>• नगरपालिकाको वेभसाइट<br>• मिडिया रिपोर्टिङ |
| **कार्यनीति (ग): सेवा प्रवाह संयन्त्र र प्रक्रिया लैससास मैत्री हुने गरी सुधार एवं विकास गरिने छ।** | | | | | | | |
| १ | नगरपालिका र वडा स्तरमा महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायत असक्त सेवाग्राहीरूलाई लक्षित गरी लैससासमैत्री सेवा प्रदान गर्ने व्यवस्था मिलाउने। | • नगर कार्यपालिका<br>• सबै वडा कार्यालय<br>• योजना तथा अनुगमन शाखा<br>• महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | • सबै विषयगत शाखा<br>• गैसस<br>• विकास साझेदार | निरन्तर | नगरपालिकाका लागि बार्षिक रु ३ लाख र प्रति वडाका लागि रु १ लाख (आन्तरिक/बाह्य) | • नगरपालिका तथा वडा कार्यालयहरूमा महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायत असक्त सेवाग्राहीरूलाई सुविधा हुने गरी प्रतिक्षालय, शौचालय लगायतका भौतिक सुविधाहरू निर्माण भएको हुने।<br>• लक्षित वर्गका लागि विशेष प्राथमिकतामा राखी द्रुत सेवा प्रवाह भएको हुने। | • निर्माण भएको भौतिक सुविधाहरू<br>• नक्सा डिजाइन<br>• फोटो<br>• नगरपालिकाको वेभसाइट |
| **कार्यनीति (घ): लैङ्गिक उतरदायी योजना तथा बजेट तर्जुमा तथा लैङ्गिक लेखाजोखा बिधिलाई पूर्ण रूपमा कार्यान्वयनमा ल्याउने छ।**<br>**कार्यनीति (छ): लैङ्गिक उत्तरदायी योजना तथा वजेट मार्फत नतिजामूखी आवधिक र बार्षिक योजना तर्जुमा गरी सो को कार्यन्वयन गरिने छ।**<br>**कार्यनीति (ज): लैङ्गिक उत्तरदायी योजना तथा बजेट तर्जुमाका लागि सूचकहरू निर्धारण गरी यसका प्रयोगलाई योजना तथा बजेट तर्जुमा, मापन र परीक्षण प्रक्रियामा एक रूपता र सरलीकरण गरी लैङ्गिक उत्तरदायी बजेट सुनिश्चित गरिने छ।**<br>**कार्यनीति (झ): लैङ्गिक उत्तरदायी योजना तथा वजेटलाई साँफेबगर नगरपालिकाले आन्तरिकीरण गरी यसको प्रभावकारी कार्यान्वयनका लागि क्षमता विकास गर्नेछ।**<br>**कार्यनीति (ञ): साँफेबगर नगरपालिकाको लैससास सम्बन्धी समन्वय र कार्यान्वयन समितिले नगरपालिकाको आवधिक/बार्षिक योजनामा लैङ्गिक उत्तरदायी बजेट कार्यान्वयन भए नभएको सुनिश्चित गर्ने छ।**<br>**कार्यनीति (ट): लैङ्गिक उत्तरदायी योजना तथा वजेट तर्जुमा गर्न आवश्यक तथ्याङ्क र सूचनालाई व्यवस्थित र आवधिक गर्ने प्रणाली स्थापित गर्ने छ।**<br>**कार्यनीति (ठ): सेवाप्रदायक निकायका सरोकारवालाहरूलाई लैङ्गिक उत्तरदायी वजेट विधि कार्यान्वयन सम्बन्धी सीप विकास गर्ने छ।**<br>**कार्यनीति (ड): सेवाप्रदायक र सेवाग्राही दुबै पक्षका सरकोरवालालाई लैङ्गिक उत्तरदायी बजेट सम्बन्धी सूचना तथा जानकारी नियमित रूपमा प्रदान गर्ने प्रबन्ध गरिनेछ। यसका लागि आम सञ्चार माध्यमको प्रयोग गरिनेछ।** | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | वार्षिक योजना तथा बजेट प्रणालीमा सूचकहरू सहित लैङ्गिक उत्तरदायी बजेटको सिद्धान्तको परिपालना गर्ने। | • नगर सभा<br>• नगर कार्यपालिका<br>• योजना शाखा<br>• महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | • लैससास नीति कार्यान्वयन समिति<br>• सबै विषयगत शाखा<br>• सबै वडा कार्यालय<br>• गैसस<br>• विकास साझेदार | निरन्तर | छुट्टै बजेटको आवश्यक नपर्ने | • नगरपालिकाको कार्यक्रम तथा बजेटमा लैससास उत्तरदायी बजेटको सिद्धान्तको अनुसरण गरिउको हुने। | • निर्णय पुस्तिका<br>• नीति तथा कार्यक्रमको दस्तावेज<br>• रातो किताब<br>• नामावली<br>• नगरपालिकाको वेभसाइट |
| २ | महिला तथा लक्षित वर्गका लागि बजेट निर्धारण गर्दा सुत्रअनुसार प्रत्येक वर्ष क्रमिक रूपमा वृद्धि हुनेगरी निश्चित प्रतिशत बजेट विनियोजन गर्ने। | | | | कुल बजेटको प्रति बर्ष १० प्रतिशतका दरले (आन्तरिक/बाह्य) | • बार्षिक विनियोजन भएको बजेटको १० प्रतिशतले वृद्धि भएको हुने। | |
| ३ | नगरपालिकाको बार्षिक कार्यक्रम तथा बजेट बारे प्रत्येक वर्ष लैससास परीक्षण, सामाजिक परीक्षण र सार्वजनिक सुनुवाई गरी प्राप्त सुझावको कार्यान्वयन गर्ने। | | | | प्रति वर्ष रू २ लाख (आन्तरिक/बाह्य) | • प्रत्येक वर्ष लैससास परीक्षण, सामाजिक परीक्षण र सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना भई सो कार्यक्रमहरूबाट प्राप्त सुझावको कार्यान्वयन भएको हुने। | • कार्यक्रममा सहभागीहरूको नामावली<br>• परीक्षण प्रतिवेदन<br>• कार्यक्रमको फोटो<br>• नगरपालिकाको वेभसाइट |
| ४ | नगरपालिकाका योजना तथा बजेट निर्माणमा संलग्न रहने विषयगत समितिका पदाधिकारी, कर्मचारीहरू र टोल विकास संस्था, आमा समूह, महिला, किशोरी समूह, उपभोक्ता समूह, बाल क्लब,अपाङ्ता भएका व्यक्तिहरूको संस्था, ज्येष्ठ नागरिकहरूको संस्था लगायत विभिन्न समूह/समितहरूलाई लैङ्गिक उत्तरदायी बजेट तर्जुमा र कार्यान्वयन विधि बारे प्रशिक्षण दिई क्षमता विकास गर्ने। | • वडा तथा नगरपालिका, बजेट सीमा निर्धारण समिति<br>• योजना शाखा<br>• महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | | | प्रति वर्ष प्रति वडा रू १ लाख (आन्तरिक/बाह्य) | • विषयगत समिति, टोल विकास संस्था लगायत समुदायमा आधारित विभिन्न समूह, समितिका पदाधिकारी तथा सरोकारवाला कर्मचारीहरूले लैससास उत्तरदायी बजेट बारे प्रशिक्षण प्राप्त गरेको हुने। | • प्रशिक्षण कार्यक्रमका सहभागीहरूको नामावली<br>• प्रशिक्षण प्रतिवेदन<br>• कार्यक्रमको फोटो<br>• नगरपालिकाको वेभसाइट |
| **कार्यनीति (ङ): नगरपालिकाको समग्र बिकास योजना तर्जुमा प्रक्रियामा महिला तथा वञ्चितीकरणमा परेका तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि विद्यमान प्रावधानहरू र स्थानीय सरकारको जिम्मेवारीका सम्बन्धमा सू-सूचित गराउन चेतनामूलक योजना र कार्यक्रमहरू सघन एवं निरन्तर सञ्चालन गरिने छ।** | | | | | | | |
| १ | नगरपालिकाको आवधिक तथा बार्षिक योजना तर्जुमा प्रक्रिया, ती योजनाहरूबाट महिला लगायत लक्षित वर्गका लागि सिर्जना हुने अवसर तथा स्थानीय सरकारको जिम्मेवारी बारे लक्षित वर्गलाई सुसूचित गर्न चेतनामूलक स्थानीय सञ्चार माध्यमहरू लगायत मार्फत कार्यक्रमहरू सघन रूपमा सञ्चालन गर्ने। | • लैससास नीति कार्यान्वयन समिति<br>• महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | • सबै विषयगत शाखा<br>• सबै वडा कार्यालय<br>• गैसस<br>• विकास साझेदार | निरन्तर | प्रति वर्ष रु २ लाख (आन्तरिक/बाह्य) | • नगरपालिकामा सिर्जना हुने अवसहरूमा महिला लगायत लक्षित वर्गको अर्थपूर्ण सहभागिता सहित सचेतनामूलक कार्यक्रम सघन रूपमा सञ्चालन गरिएको हुने। | • कार्यक्रममा उपस्थित सहभागीहरूको नामावली<br>• लिफ्लेट, ब्रोसर लगायत सचेतनामूलक प्रचार सामग्री<br>• स्थानीय रेडियोको प्रशारण<br>• कार्यक्रमको फोटो |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | • नगरपालिकाको वेभसाइट |
| **कार्यनीति (च) : लैससास आचरण र व्यबहार एक आदर्श, नैतिक विषय समेत भएकाले सेवा प्रदायक निकायमा संलग्र जनशक्तिको सार्वजनिक र निजी कार्यशैली तदनुकुल बनाउन मार्गदर्शन आचार संहिता निर्माण गरी लागू गरिने छ।** | | | | | | | |
| १ | नगरपालिका र अन्तर्गत कार्यालयहरू, विद्यालयहरू तथा समुदायमा समेत लैससास मैत्री तथा सम्मानजनक बोली व्यवहार प्रवर्द्धन गर्ने गरी मार्गदर्शन आचार संहिता निर्माण गर्ने र सो बारे सरोकारवाला सबैलाई जानकारी गराउने। | • लैससास नीति कार्यान्वयन समिति<br>• महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | • सबै विषयगत शाखा<br>• सबै वडा कार्यालय<br>• विद्यालय व्यवस्थापन समिति<br>• गैसस<br>• विकास साझेदार | ६ महिना | रु २ लाख (आन्तरिक/बाह्य) | • नगपालिका क्षेत्रका कार्यालय, विद्यालय र समुदायमा मार्गदर्शन आचार संहिता निर्माण भई लागू भएको हुने।<br>• मार्गदर्शन आचार संहिता बारे सरोकारवाला सबैलाई परिपत्र भई अभिमूखीकरण भएको हुने। | • निर्माण भएको आचार संहिता<br>• परिपत्र<br>• अभिमूखीकरण प्राप्त गर्नेहरूको संख्या<br>• नगरपालिकाको वेभसाइट |
| **कार्यनीति (ढ) : सबै सरोकारवालाहरूसँग आवश्यक समन्वय तथा सहकार्य गरी नगरबासीलाई आउन सक्ने प्राकृतिक तथा मानव सिर्जित बिपद्हरूको व्यवस्थापन गरिने छ ।** | | | | | | | |
| १ | स्थानीय तहको विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्य सम्बन्धी योजनामा लैससासको दृष्टिकोणलाई निरन्तर मूलप्रवाहीकरण गर्न सबै सरोकारवालाहरूलाई सचेतीकरण गर्ने। | • लैससास नीति कार्यान्वयन समिति विपद् व्यवस्थापन समिति | • नगर कार्यपालिका<br>• महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | ६ महिना | रू १ लाख | • विपद् व्यवस्थापन समितिका सदस्यहरू तथा सबै सरोकारवालाहरू विपद् व्यवस्थापन योजनामा लैससासको दृष्टिकोणलाई समाहित गर्न सचेत भएको हुने। | • सचेतकरण कार्यक्रममा सहभागी<br>• विपद् व्यवस्थापन समिति र सरोकारवालाहरूको नामावली<br>• कार्यक्रमको फोटो<br>• नगरपालिकाको वेभसाइट<br>• मिडिया रिपोर्टिङ |
| **कार्यनीति (ण): कृषि, सहकारी, पर्यटन आदिको समुचित विकास एवं प्रबर्द्धन गरी नगरबासीका लागि स्वःरोजगारीको ब्यबस्था गर्दै लानेछ।** | | | | | | | |
| १ | कृषि, घरेलु काम लगायतका अनौपचारिक क्षेत्रमा महिलाको समय बचत हुने किसिमका उपकरण, औजारहरूको प्रयोगलाई प्रोत्साहन गर्ने। | • कृषि विकास शाखा<br>• पशु सेवा शाखा<br>• घरेलु उद्योग शाखा | • कृषि ज्ञान केन्द्र<br>• गै.स.स.<br>• विकास साझेदार | निरन्तर | प्रति वडा प्रति वर्ष रू १ लाख | • परिवार समुदायमा महिलाको समय बचत हुने किसिमका उपकरण औजारहरूको प्रयोग वृद्धि भई महिलाको समय बचत भएको हुने। | • नगरपालिकाको वेभसाइट<br>• कार्यक्रमको फोटो<br>• मिडिया रिपोर्टिङ |
| २ | पर्यटन व्यवसाय, अतिथि सत्कार, परम्परागत घरेलु उद्यमको क्षेत्रमा महिला लगायत लक्षित वर्गको पहुँच वृद्धि हुने गरी अवसरहरूको सिर्जना गर्ने। | • घरेलु उद्योग शाखा | • जिल्ला घरेलु उद्योग कार्यालय<br>• रोजगार सेवा केन्द्र<br>• गै.स.स. | | प्रति वर्ष प्रति वडा रू १ लाख | • नगरपालिका क्षेत्रमा होटल व्यवसाय, परम्परागत राडी पाखी बुन्ने उद्योग आदिमा लगानी वृद्धि भई लक्षित वर्ग लाभान्वीत भएको | • कार्यक्रमबाट लाभान्वीत सहभागीहरूको संख्या<br>• अनुगमन प्रतिवेदन<br>• कार्यक्रमको फोटो<br>• मिडिया रिपोर्टिङ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | • विकास साझेदार | | | हुने। | • नगरपालिकाको वेभसाइट |
| ३ | लघु उद्योग विकासका माध्यमद्वारा महिला लगायत लक्षित वर्गको स्वरोजगार वृद्धि गर्ने। | | | | प्रति वडा प्रति वर्ष रू १ लाख | • महिला लगायत लक्षित वर्गको आयस्तर वृद्धि गर्न स्वाबलम्वन कार्यक्रमहरू सञ्चालन भएको हुनेछ। | |

**लैससास सुशासन**

**रणनीति ५.२.३: संस्थागत संरचना, सचेतिकरण तथा क्षमता बिकासः**

**(क) लैससासबारे संबिधान, वर्तमान संघीय शासन स्वरूप, नीति, नियम, ऐन, कानुन, कार्यबिधि आदिमा भएका व्यवस्थाहरूको सबै सरोकारवालाहरूसँग प्रभाबकारी समन्वय कायम गरि कार्यान्वयन गर्न चुस्त/दुरुस्त संस्थागत संरचना निर्माण गरि साँफेबगर नगरपालिका लगायतका सेवा प्रदायक सरोकारवाला संस्थाहरूलाई लैससास प्रति उत्तरदायी र जवाफदेही बनाउदै लगिनेछ।**

**(ख) स्थानीय नागरिक विशेष गरी पछाडि परेका वा पारिएका महिला, दलित, बाल–बालिका, आदिबासी जनजाति, जेष्ट नागरिक, अपाङ्गता भएका व्यक्ति, गरीब तथा लक्षित वर्ग/समूहको चुस्त/दुरुस्त संस्थागत संरचना मार्फत योजनाबद्ध रुपमा व्यक्तिगत र सामूहिक सचेतीकरण तथा क्षमता अभिबृद्धि गरी नगरपालिकाको समग्र विकास प्रक्रियामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरि आर्थिक तथा सामाजिक बिकास गरिनेछ।**

**कार्यनीति ५.३.३ (क): लैससासका लागि संस्थागत र व्यक्तिगत दुबै क्षमता बिकासका क्षेत्रहरू पहिचान गरि विभिन्न सचेतिकरण तथा क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्ने छ।**

| क्र सं | कार्यक्रम/क्रियाकलाप | मुख्य जिम्मेवारी | सहयोग | समय सीमा | बजेट आन्तरिक/बाह्य | मापनका सूचक | पुष्ट्याईंका आधारहरू |
|---|---|---|---|---|---|---|---|
| १ | नगरपालिकामा सरोकारवाला सबैलाई लैससास बारे सचेत बनाई संस्थागत र व्यक्तिगत क्षमता विकास गर्न लैससास मूलप्रवाहीकरण सम्बन्धी तालिम पुस्तिका निर्माण गरी तालिम कार्यक्रमहरूको आयोजना गर्ने। | • लैससास नीति कार्यान्वयन समिति<br>• सुशासन, विकास तथा क्षमता विकास समिति<br>• महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | • लैससास कार्यान्वयन उप-समिति<br>• सबै विषयगत शाखा<br>• गैसस<br>• विकास साझेदार | १ वर्ष | २ लाख ५० हजार (आन्तरिक/बाह्य) | • लैससास मूलप्रवाहीकरण सम्बन्धी तालिम पुस्तिका निर्माण भएको हुने।<br>• तालिम कार्यक्रमहरूको आयोजना भएको हुने। | • कार्यक्रममा सहभागीहरूको नामावली<br>• तालिम पुस्तिकाको प्रति।<br>• फोटो<br>• नगरपालिकाको वेभसाईट |

**कार्यनीति (ख): नगरपालिकाको योजना तर्जुमा, कार्यान्वयन र अनुगमन प्रणालीमा आवद्ध सामुदायिक संघ–संस्था, विभिन्न सञ्जाल, सहकारी, समूहहरू तथा नागरिक समाजको क्षमता विकास गरिने छ।**

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | नगरपालिकाको योजना पहिचान, तर्जुमा, कार्यान्वयन र अनुगमन प्रणालीमा आवद्ध रहने सामुदायिक संघ–संस्था, विभिन्न सञ्जाल, सहकारी, समूहहरू तथा नागरिक समाजको क्षमता विकासका लागि अभिमूखीकरण कार्यक्रमहरू सञ्चालन गर्ने। | • आर्थिक प्रशासन शाखा<br>• योजना शाखा<br>• महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | • सबै विषयगत शाखा<br>• सबै वडा कार्यालय<br>• गैसस<br>• विकास साझेदार | १ वर्ष | १ लाख ५० हजार (आन्तरिक/बाह्य) | • सामुदायिक संघ–संस्था, विभिन्न सञ्जाल, सहकारी, समूहहरू तथा नागरिक समाजलाई अभिमूखीकरण गरी क्षमता अभिवृद्धि भएको हुने। | • कार्यक्रमा सहभागीहरूको नामावली<br>• फोटो<br>• नगरपालिकाको वेभसाइट |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **कार्यनीति (ग) : सबै समुदायका विपन्न महिला–पुरुषहरू, युवा, बालबालिका, राजनीतिक दल, नागरिक समाज, सामुदायिक संस्थाहरूसगको निरन्तर अभिमूखीकरण एवम् अन्तरक्रियाबाट सार्वजनिक वस्तु तथा सेवा सुविधा तथा वित्तिय स्रोतमा पहुँच अभिबृद्धि हुने गरी नगरपालिकाको ७ चरणको योजना तर्जुमा प्रक्रिया, समय सीमा, महिला तथा वञ्चितीकरणमा परेका/पारिएकाहरूका लागि विद्यमान प्रावधानहरू र नगरपालिकाको जिम्मेवारीका सम्बन्धमा सु–सूचित गराउन चेतनामूलक कार्यक्रमहरू सघन एवं निरन्तर सञ्चालन गरिने छ।**<br>**कार्यनीति (ज): नगरपालिकाले आयोजनाहरू छनौट गर्नका लागि आधार मापदण्डहरू पहिचान गर्न उनीहरूको क्षमता अभिवृद्धि गरिने छ।** | | | | | | | |
| १ | नगरपालिका अन्तर्गत सार्वजनिक सेवा प्रवाह, सामाजिक आर्थिक विकास सम्बन्धी योजना चक्र र स्थानीय तहको सात चरणको योजना तर्जुमा प्रणालीमा महिला लगायत लक्षित वर्गको पँहुच अभिबृद्धिका लागि टोल समुदायमा चेतनामूलक कार्यक्रमहरू व्यापक रूपमा सञ्चालन गर्ने। | • नगर कार्यपालिका<br>• आर्थिक प्रशासन शाखा<br>• योजना शाखा<br>• महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | • सबै विषयगत शाखा<br>• सबै वडा कार्यालय<br>• गैसस<br>• विकास साझेदार | ६ महिना | ३ लाख (आन्तरिक/बाह्य) | • टोल समुदायमा चेतनामूलक कार्यक्रमहरू सञ्चालन भई महिला लगायत लक्षित वर्गको पहुँचमा अभिवृद्धि भएको हुने। | • कार्यक्रममा सहभागीहरूको नामावली<br>• फोटोहरू<br>• नगरपालिकाको वेभसाइट<br>• मिडिया रिपोर्टिङ |
| २ | सात चरणका योजना चक्र लगायत आयोजना पहिचान र छनौट गर्ने आधार, तरिका र मापदण्ड बारे सबै सरोकारवालाहरूलाई निरन्तर रूपमा अभिमूखीकरण गर्ने। | | | निरन्तर | प्रतिवर्ष रु २ लाख | • योजना चक्र लगायत आयोजना पहिचान र छनौट गर्ने आधार, तरिका र मापदण्ड बारे सरोकारवालाहरू जानकार भई क्षमता अभिबृद्धि भएको हुने। | |
| **कार्यनीति (घ): लैससास सम्बन्धी जानकारी दिन सूचना, शिक्षा तथा सञ्चार सामग्रीहरूको भाषा एवं समय तालिका महिला तथा वञ्चितीकरणमा परेका बर्ग तथा समुदायले सजिलै ग्रहण गर्ने गरि निर्धारण र कार्यान्वयन गरिने छ।**<br>**कार्यनीति (च): लैससास सम्बन्धी जानकारीमूलक र सूचनामूलक सामाग्रीको प्रकाशन र तालिम निर्देशिकाहरू तयार गरी समयानुकूल सुधार गरि कार्यान्वयनमा ल्याईने छ।**<br>**कार्यनीति (छ): प्रशिक्षण विधि, सूचना, शिक्षा तथा सञ्चार सामग्रीहरूको भाषा एवम् समय तालिका महिला तथा वञ्चितीकरणमा परेका बर्ग तथा समुदायले सजिलै ग्रहण गर्ने गरि निर्धारण गराईने छ।** | | | | | | | |
| १ | लैससासको अवधारणा बारे सबैले बुझ्ने गरी सरल र स्थानीय भाषामा समेत सूचना तथा शिक्षा सामग्रीहरूको उत्पादन गरी व्यापक रूपमा प्रचार प्रसार गर्ने। | • लैससास नीति कार्यान्वयन समिति<br>• महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | • सबै विषयगत शाखा<br>• सबै वडा कार्यालय<br>• गैसस<br>• विकास साझेदार<br>• सञ्चार माध्यम | निरन्तर | २ लाख (आन्तरिक/बाह्य) | • लैससासको अवधारण बारे सरल र स्थानीय भाषामा सूचना तथा शिक्षा सामग्रीहरूको उत्पादन भई प्रचार प्रसार गरिएको हुने। | • प्रशारण गरिएको सूचना शिक्षा सामग्री<br>• नगरपालिकाको वेभसाइट<br>• मिडिया रिपोर्टङ |
| २ | महिला लगायत लक्षित वर्गलाई उपयोगी सिद्ध हुने गरी लैससास सम्वेदनशीलता बारे तालिम निर्देशिकाहरूको निर्माण गर्नुका साथै अभिमूखीकरण सञ्चालन र समयानुकुल सुधार गर्ने। | | | ६ महिना | ५ लाख (आन्तरिक/बाह्य) | • महिला लगायत लक्षित वर्गका लागि तालिम निर्देशिका निर्माण भई अभिमूखीकरण गरिएको हुने। | • निर्माण भएको तालिम निर्देशिका<br>• तालिम प्रतिवेदन<br>• नगरपालिकाको वेभसाइट<br>• मिडिया रिपोर्टिङ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **कार्यनीति (ङ): नगरपालिकाको जनप्रतिनिधीहरू एवं राजनीतिक दलका प्रतिनिधिहरूलाई लैससासको मूल अवधारणा र यस सम्वन्धी संवेदनशील बनाइने छ।** | | | | | | | |
| १ | स्थानीय जनप्रतिनिधि एवं राजनीतिक दलका प्रतिनिधिहरूलाई लक्षित गरी लैससासको अवधारणा र लैससासमैत्री व्यवहार बारे अभिमूखीकरण कार्यक्रमहरू सञ्चालन गर्ने। | • लैससास नीति कार्यान्वयन समिति<br>• महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | • सबै विषयगत शाखा<br>• सबै वडा कार्यालय<br>• गैसस<br>• विकास साझेदार | ६ महिना | रु २ लाख (आन्तरिक/बाह्य) | • स्थानीय जनप्रतिनिधि एवं राजनीतिक दलका प्रतिनिधिहरूलाई लैससासको अवधारणा, लैससासमैत्री व्यवहार बारे अभिमूखीकरण गरि व्यवहारमा परिवर्तन आएको हुने। | • अभिमूखीकरणमा सहभागीहरूको नामावली<br>• नगरपालिकाको वेभसाइट<br>• मिडिया रिपोर्टिङ |
| **६.२.१ विभिन्न समितिहरूको गठन:**<br>**संघीय ब्यबस्था अनुसार नगरपालिकाले विभिन्न समितिहरू गठन गरि यस नीतिको प्रभावकारी कार्यान्वयन तथा अनुगमन समिति गठन गरि तल दिए अनुसार सबै तहमा कार्य क्षेत्र तथा जिम्मेवारी सहितको उत्तरदायित्व प्रदान गर्ने छ।**<br>**(क) नगरपालिकामा लैससास नीति समन्वय, सहजीकरण, कार्यान्वयन, सुपरीबेक्षण तथा अनुगमन गर्न नगरपालिका प्रमुखको संयोजकत्वमा एक समिति रहने छ।** | | | | | | | |
| १ | नीतिमा उल्लेख भए अनुसार नीति समन्वय, सहजीकरण, कार्यान्वयन, सुपरीबेक्षण तथा अनुगमनका लागि नगरपालिकास्तरमा लैससास नीति कार्यान्वयन समिति गठन गर्ने। | • नगर कार्यपालिका<br>• प्रमुख प्रशासकीय अधिकृत | • नगर प्रमुख<br>• महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा<br>• सबै विषयगत शाखा | ३ महिना | रू ५० हजार (आन्तरिक/बाह्य) | • नगर प्रमुखको संयोजकत्वमा लैससास कार्यान्वयन समिति गठन भएको हुने। | • निर्णय पुस्तिका<br>• कार्यान्वयन समितिमा छनौट भएका सदस्यहरूको नामावली<br>• नगरपालिकाको वेभसाइट |
| **(घ) वडा स्तरीय समिति गठन** | | | | | | | |
| १ | सबै वडाहरूमा नीतिमा उल्लेख भएअनुसार लैससास नीतिसँग सम्बन्धित कार्यक्रम तथा योजना कार्यान्वयनमा सहयोग गर्न सम्बन्धित वडाको वडा अध्यक्षको संयोजकत्वमा वडा स्तरीय लैससास कार्यान्वयन समिति गठन गर्ने। | • नगर कार्यपालिका<br>• प्रमुख प्रशासकीय अधिकृत<br>• सबै वडा कार्यालय | • नगरप्रमुख<br>• सबै वडा अध्यक्ष<br>• महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा<br>• सबै विषयगत शाखा | ६ महिना | प्रति वडा रू ५० हजार (आन्तरिक/बाह्य) | • वडा अध्यक्षको संयोजकत्वमा सबै वडाहरूमा वडा स्तरीय लैससास कार्यान्वयन समिति गठन भएको हुने। | • निर्णय पुस्तिका<br>• कार्यान्वयन समितिमा छनौट भएका सदस्यहरूको नामावली<br>• नगरपालिकाको वेभसाइट |
| **८.३.१.३ गुनासो व्यवस्थापन** | | | | | | | |
| १ | लैससास नीतिमा उल्लेख भएअनुसार सम्बन्धित लाभग्राही वा सरोकारवालाले नगर तथा वडा कार्यालयको कार्यक्षेत्र भित्र प्राप्त हुने सेवा सुविधाका बारेमा लैङ्गिक हिंसा, घरेलु हिंसा र दुर्व्यवहार सम्बन्धी गुनासो | • नगर कार्यपालिका<br>• प्रमुख प्रशासकीय अधिकृत<br>• सबै वडा कार्यालय | • सबै विषयगत शाखा<br>• सबै वडा कार्यालय | ३ महिना | रु ५० हजार आन्तरिक | • नगरपालिका कार्यालय र सबै वडा कार्यालयहरूमा एक जना पदाधिकारी वा कर्मचारीलाई जिम्मवारी सहित गुनासो व्यवस्थापन | • निर्णय पुस्तिका<br>• सम्पर्क अधिकारी तोकिएको जिम्मेवारी पत्र<br>• छुट्टै डेस्कको व्यवस्था<br>• गुनासो पेटिका |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | तथा सुझावहरू निर्वाध रूपमा राख्न पाउने गरी व्यवस्थापन गर्न नगरपालिका तथा वडा कार्यालयमा एक पदाधिकारी वा कर्मचारीलाई सम्पर्क व्यक्तिको रूपमा तोक्ने। | | | | | सम्पर्क अधिकारी तोकिएको हुने। | |

**रणनीति ५.२.४: समन्वय, सहकार्य र सहजीकरण :**

**(क) लैससास सम्बन्धी नीति तथा योजना निर्माण र सो को प्रभावकारी कार्यान्वयन गर्न संघीय सरकार, प्रदेश सरकार, बिभिन्न प्रतिष्ठान, आयोग, समिति र स्थानीय सरकार तथा विकास साझेदार संस्थाहरुसँग समन्वय, सहकार्य र सहजीकरण गरिने छ।**

**(ख) लैससास सम्बन्धी समुदायमा बढेको लैङ्गिक हिंसा तथा घरेलु हिंसालाई पनि ध्यानमा राख्दै, विभिन्न कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्न विभिन्न सरकारी, विकास साझेदार संस्थाहरू, अन्तर्राष्ट्रिय गैसस, गैसस, नागरिक समाज, निजी क्षेत्र आदिसँग साझेदारी तथा समन्वय गरिने छ।**

**कार्यनीति ५.३.४: यस रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि विभिन्न सरकारी एवं विकास साझेदार संस्थाहरू, अन्तर्राष्ट्रिय गैसस, गैसस, नागरिक समाज, निजी क्षेत्र, सामुदायिक समूहहरू तथा नागरिकहरू बीच तल उल्लेख गरे अनुसार साझेदारी, समन्वय, सहकार्य र सहजीकरण गरिने छ।**

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | लैससास नीतिमा उल्लेख भएअनुसार विभिन्न सरोकारवालाहरू तथा नागरिकहरू बीच साझेदारी, समन्वय, सहकार्य र सहजीकरणका लागि नगरपालिकाले निरन्तर विभिन्न गोष्ठी, बैठक, छलफल आदिको आयोजना गर्ने। | • नगर कार्यपालिका<br>• प्रमुख प्रशासकीय अधिकृत | • सबै विषयगत शाखा<br>• सबै वडा कार्यालय | निरन्तर | ३ लाख (आन्तरिक/बाह्य) | • नगरपालिकामा निरन्तर गोष्ठी/छलफल बैठकको आयोजना गरिएको हुने। | • निर्णय पुस्तिका<br>• बैठकमा उपस्थितिहरूको नामावली<br>• नगरपालिकाको वेभसाइट |

**रणनीति ५.२.६: अनुगमन तथा मूल्यांकन:**

**नगरपालिकाको सबै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्याँकन गर्ने र यसलाई संस्थागत गर्दै लैजाने।**

**कार्यनीति ५.३.६:**

**क) नगरपालिका अन्तर्गत सञ्चालन भएका योजना तथा कार्यक्रम र नगरपालिका आफैं लैससास उत्तरदायी भए नभएको वस्तुगत सूचक र मापदण्ड तयार गरी अनुगमन तथा मूल्याँकन गर्ने।**

**ख) लैससास शाखाले अनुगमन तथा मूल्याँकन शाखासंग कार्यविधि, निर्देशिका, फेमवर्क तथा अन्य योजना तथा कार्यक्रमको मूल्यांकन गर्दा लैससासको अवस्था प्रष्ट्याउने गरी खण्डिकृत तथ्याँकलाई आधार बनाउन समन्वय र सहयोग गर्ने।**

**ग) नगरपालिकाले सञ्चालन गर्ने योजना तथा कार्यक्रमको मूल्याँकन प्रणालीमा सुधार गरी लैससासमूखी बनाउन उद्देश्य र सूचकहरू लैससासका आधारमा खण्डिकृत गर्ने।**

**घ) खण्डिकृत तथ्याङ्क संकलन र उपलब्ध गराउने प्रक्रियालाई संस्थागत गर्ने र त्रैमासिक र बार्षिक प्रतिवेदनमा खण्डिकृत तथ्याङ्क सम्मिलित प्रतिवेदन पेश गर्ने।**

**ङ) लैससास शाखाले लैङ्गिक तथा सामाजिक समाबेशी सम्बन्धी अध्ययन अनुसन्धान गरी प्रभाव मूल्याँकन, असल अभ्यास, कार्यशैलीको रुपान्तरण जस्ता बिषयको अभिलेखिकरण गर्ने र सो बाट प्राप्त सिकाईलाई सरोकारवालासँग साझेदारी गर्ने र तद्अनुरुप स्रोतको परिचालन गर्ने।**

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | लैससास नीतिमा उल्लेख भएअनुसार सूचक र मापदण्ड तयारी गरी योजना तथा कार्यक्रमहरू लैससास उत्तरदायी भए | • लैससास नीति कार्यान्वयन समिति | • सबै बिषयगत शाखा<br>• वडा कार्यालय | १ वर्ष | रु ५ लाख (आन्तरिक/बाह्य) | • लैससास उत्तरदायी अनुगमन तथा मूल्यांकन गरिएको हुने | • खण्डिकृत तथ्याङ्कसम्बन्धी सफ्टवेयर<br>• खण्डिकृत तथ्याङ्क |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | नभएको बारे अनुगमन स्व-मूल्याङ्कन गर्ने परिपाटिको विकास गर्ने। | • महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा<br>• योजना शाखा<br>• सूचना प्रविधि शाखा | • गैसस<br>• विकास साझेदार | | | • खण्डिकृत तथ्याङ्कलाई आधार बनाउने पद्धतिको विकास भएको हुने।<br>• नगरपालिका र वडास्तरमा खण्डिकृत तथ्याङ्क सङ्कलन, प्रशोधन र प्रतिवेदन प्रणालीलाई संस्थागत गरिएको हुने।<br>• असल अभ्यास र सिकईलाई अभिलेखिकरण गरिएको हुने। | सहितको अनुगमन तथा मुल्याङ्कन प्रतिवेदन<br>• नगरपालिकाको वेभसाइट |
| २ | अनुगमन तथा मूल्याङ्कनलाई लैससास हेर्ने शाखा र अनुगमन तथा मूल्याङ्न शाखाले आपसी समन्वय र सहयोगमा लैससासको अवस्था देखिने गरी खण्डिकृत तथ्याङ्कलाई आधार बनाउने पद्धतिको विकास गर्ने। | | | | | | |
| ३ | नगरपालिकाका सम्पूर्ण सेवा प्रवाह र विकास कार्यक्रमहरूमा खण्डिकृत तथ्याङ्क सङ्कलन, प्रशोधन र प्रतिवेदन गर्ने प्रणालीलाई संस्थागत गर्ने। | | | | | | |
| ४ | लैससास सम्बन्धी असल अभ्यास र सिकाइलाई अभिलेखिकरण गरी सरोकारवालाहरू बीच आदान प्रदान गर्ने। | | | | | | |
| **च) लैससास शाखाले लैससास सम्बन्धी नीतिलाई कार्यान्वयन गर्दा आएका समस्या र बाधा व्यवधानलाई आवधिक रूपमा समीक्षा गर्ने, त्यसका लागि बजेट व्यवस्था गर्ने र आवश्यकता अनुसार परामर्शदाताको सहयोग लिने।** | | | | | | | |
| १ | लैससास नीतिको कार्यान्वयनको अवस्था बारे आवधिक रूपमा समिक्षा गरी कार्यान्वयनमा देखिएका समस्या र बाधा व्यवधानलाई विज्ञको परामर्शमा समाधान गर्ने। | • नगर कार्यपालिका<br>• महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | • सबै विषयगत शाखा<br>• सबै वडा कार्यालय<br>• गैसस<br>• विकास साझेदार | प्रत्येक अर्धवार्षिक | प्रति कार्यक्रम रू १ लाख (आन्तरिक/बाह्य) | • लैससास नीतिको समिक्षा गरी देखिएको समस्या बारे अध्यावधिक रूपमा जानकार भएको हुने।<br>• समस्या समाधानका लागि विज्ञ टोलिसँग परामर्श लिएको हुने | • पहिचान गरिएको समस्या<br>• विज्ञ टोलिको नामावली<br>• परामर्श बैठकको निर्णय |
| **छ) नगरपालिकामा गठित लैससास नीति समन्वय, सहजीकरण, कार्यान्वयन, सुपरीबेक्षण तथा अनुगमन कार्यन्वयन समितिको कार्यलाई लैससास उत्तरदायी बनाउन लैससास महाशाखा/शाखाको समन्वय तथा सहकार्यमा लैससास सम्बन्धी सूचकहरूको पहिचान गर्ने, अनुगमन तथा मूल्यांकन ढाँचामा समाबेश गर्ने, खण्डिकृत प्रारम्भिक तथ्याँङ्क सङ्कलनका लागि स्पष्ट ढाँचा बनाउने र प्रगति विवरणमा समेट्न मार्ग–निर्देशन गर्ने र सोका लागि अभिमूखीकरण गर्ने।** | | | | | | | |
| १ | लैससा नीतिमा उल्लेख भएअनुसार लैससास नीति कार्यान्वयन समितिको कार्य जिम्मेवारी भित्र लैससास सम्बन्धी सूचकहरूको पहिचान, अनुगमन तथा मूल्याङ्कन, खण्डिकृत तथ्याङ्क सङ्कलन लगायतका विषयमा मार्ग निर्देश गर्ने गरी समावेश गर्ने। | • लैससास नीति कार्यान्वयन समिति<br>• महिला, बालबालिका तथा ज्येष्ठ नागरिक | • प्रमुख प्रशासकीय अधिकृत<br>• सबै विषयगत शाखा<br>• सबै वडा कार्यालय<br>• गैसस<br>• विकास साझेदार | १ वर्ष | रु २ लाख (आन्तरिक/बाह्य) | • लैससास सम्बन्धी सूचकहरूको पहिचान, अनुगमन तथा मूल्याङ्कन, खण्डिकृत तथ्याङ्क सङ्कलन विधि लगायतका विषयमा स्पष्ट ढाँचा सहित लैससास नीति कार्यान्वयन समितिको कार्यजिम्मेवारी तोकिएको हुने।<br>• लैससास नीति कार्यान्वयन | • लैससास नीति कार्यान्वयन समितिको स्पष्ट कार्यजिम्मेवारीको विवरण<br>• समितिका पदाधिकारीहरूलालाई आयोजित अभिमूखीकरण कार्यक्रमको उपस्थिति<br>• प्रतिवेदन |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | समितिको कार्यजिम्मेवारी बारे सबै पदाधिकाहरूलाई अभिमूखीकरण गरिएको हुने। | |
| **ज) सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, लैससास सम्बन्धी मापन र परीक्षण लगायतका संयन्त्रलाई कार्यान्वयन गरि संस्थागत गर्ने। यी क्रियाकलापहरूमा महिला, दलित, बाल–बालिका, आदिवासी जनजाति, पिछडिएका समुदाय आदि वञ्चित समूहहरूको अर्थपूर्ण सहभागितामा सुनिश्चित गर्ने।** | | | | | | | |
| १ | लैससास नीतिमा उल्लेख भएअनुसार सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण आदिमा महिला लगायत लक्षित वर्गको अर्थपूर्ण सहभागिता सुनिश्वत गर्ने। | • लैससास नीति कार्यान्वयन समिति<br>• महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा<br>• योजना शाखा<br>• आर्थिक प्रशासन शाखा | • नगर कार्यपालिका<br>• सञ्चार माध्यम<br>• गैसस<br>• विकास साझेदार | निरन्तर | प्रति वर्ष रु ३ लाख (आन्तरिक/बाह्य) | • सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण आदिमा महिला लगायत लक्षित वर्गको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिएको हुने। | • परीक्षण प्रतिवेदन<br>• मिडिया रिपोर्टिङ<br>• नगरपालिकाको वेभसाइट |

**सशक्तिकरण**

**रणनीति ५.२.२: आर्थिक, सामाजिक र राजनीतिक समावेशिकरण तथा सशक्तिकरण:**

**क) आर्थिक, सामाजिक र राजनीतिक समावेशिकरण तथा सशक्तिकरणः विकासका अवसरबाट बञ्चित, श्रोत र साधनमा पहुँच तथा नियन्त्रणमा पछाडि परेका वा पारिएका महिला, दलित, अशक्त, गरीब, बिकासका अवसरबाट बञ्चित, श्रोत र साधनमा पहुँच तथा नियन्त्रणमा पछाडि परेका असक्त, गरीब तथा लक्षित वर्ग÷समूहको नगरपालिकाको समग्र शासन प्रणालीमा अर्थपूर्ण सहभागिता गराई उनीहरूलाई सवल बनाई आर्थिक, सामाजिक र राजनीतिक समावेशीकरण तथा सशक्तिकरण गर्नुको साथै आउन सक्ने प्राकृतिक तथा मानव सिर्जित बिपद् व्यवस्थापन गर्दै कृषि, सहकारी, पर्यटन आदिको समुचित विकासगरि नगरबासीको लागि स्वःरोजगारीको ब्यबस्था गर्दै लगिनेछ।**

**कार्यनीति ५.३.२ (क): नगरपालिकाले स्थानीय शासनसँग सम्बन्धित बिभिन्न ऐन, नियम, कानून, नीति, नियमहरूको अन्तर्राष्ट्रिय मूल्यमान्यता तथा मापदण्ड अनुरुप सबै सरोकारवालाहरूलाई संलग्न गराई लैससास दृष्टिकोण पुनरावलोकन तथा निर्माण गर्ने छ।**

| क्र सं | कार्यक्रम/क्रियाकलाप | मुख्य जिम्मेवारी | सहयोग | समय सीमा | बजेट आन्तरिक/बाह्य | मापनका सूचक | पुष्ट्याईंका आधारहरू |
|---|---|---|---|---|---|---|---|
| १ | लैससास सम्बन्धी संबैधानिक तथा कानूनी प्रावधानहरू बारे सरोकारवालाहरूलाई व्यवहारीक र समय सापेक्ष ज्ञान दिलाउन अभिमूखीकरण गर्ने। | • लैससास नीति कार्यान्वयन समिति<br>• महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | • सबै विषयगत शाखा<br>• सबै वडा कार्यालय<br>• गैसस<br>• विकास साझेदार | १ बर्ष | रु ५ लाख (आन्तरिक/बाह्य) | • नगरपालिका तथा वडास्तरमा लैससास सम्बन्धी कानूनी प्रावधानबारे अभिमूखिकरण गरिएको हुने।<br>• लैससास सम्बन्धी नीति कार्ययोजनाहरू बारे लक्षित वर्ग जानकार भएको हुने। | • निर्णय पुस्तिका<br>• प्रशिक्षण अभिमूखीकरण कार्यक्रम<br>• कार्यक्रममा सहभागीहरूको हाजिरी<br>• प्रचार सामग्री<br>• फोटोहररु |
| २ | लैससास सम्बन्धी राष्ट्रिय नीति, रणनीति तथा कार्ययोजनाहरू बारे सरोकारवालाहरू तथा महिला लगायत लक्षित वर्गलाई सुसूचित गर्ने। | | | | | | |
| ३ | दिगो विकास लक्ष्य (SDG) का १७ वटा | | | | रु ५ लाख | • दिगो बिकास लक्ष्यलाई | • निर्णय पुस्तिका |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | लक्ष्यहरूको कार्यान्वयन पक्षलाई प्रभावकारी बनाउन सो सम्बन्धी सूचकहरू बारे जानकारीका साथै स्थानीयकरण गर्ने। | | | | (आन्तरिक/बाह्य) | स्थानीयकरण गर्ने सिलसिलामा राष्ट्रिय योजना आयोगद्वारा निर्धारण गरिएका सूचकहरू बारे स्थानीय सरोकारवालाहरू अवगत भई सोही अनुसार सूचकहरूमा प्रगति हासिल भएको हुने। | • अभिमूखीकरण कार्यक्रम<br>• प्रगति प्रतिवेदन<br>• नगरपालिकाको वेभसाइट<br>• मिडिया रिपोर्टिङ |
| ४ | नगरपालिकामा सरोकारवाला सबैलाई सचेत बनाउन लैससास मूलप्रवाहीकरण बारे देहायका विषयहरू समेत समावेश गर्ने गरी तालिम पुस्तिका निर्माण गर्ने:<br>• लैससास सम्बन्धी संबैधानिक तथा कानूनी प्रावधानहरू,<br>• संघ तथा प्रदेश सरकारका लैससास सम्बन्धी नीति, रणनीति तथा कार्ययोजनाहरू,<br>• दिगो विकास लक्ष्य, महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव अन्त्य गर्ने महासन्धि, बेइजिङ्ग कार्यमञ्च र जनसंख्या तथा विकास सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन द्वारा व्यवस्था गरिएका प्रावधानहरू,<br>• नेपालले अनुमोदन गरेका अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि, बाल अधिकार सम्बन्धी महासन्धी र अन्तर्राष्ट्रिय श्रम सङ्गठनका महासन्धिहरूका मुख्य मुख्य प्रावधानहरू। | • लैससास नीति कार्यान्वयन समिति<br>• महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | • लैससास कार्यान्वयन उप-समिति<br>• सबै विषयगत शाखा<br>• गैसस<br>• विकास साझेदार | १ बर्ष | रू २ लाख (आन्तरिक/बाह्य) | • लैससासका प्रावधानहरू बारे राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीति, दस्तावेजहरू लगायत विधि प्रक्रिया बारे सरल भाषामा प्रशिक्षण पुस्तिका निर्माण भएको हुने। | • प्रशिक्षण पुस्तिका |
| **कार्यनीति (ख): खण्डीकृत तथ्याकं र तथ्यगत सूचनाको आधारमा सामाजिक तथा आर्थिक स्थितिको विश्लेषण गरि गरिब तथा बन्चितिकरणमा परेका समूहको पहिचान गर्ने छ।** | | | | | | | |
| १ | नगरपालिकाद्वारा सम्पादन हुने सम्पूर्ण कार्यक्रमहरूका बारे तथ्याङ्क सङ्कलन गर्दा लैससासका दृष्टिले खण्डिकृत रूपमा राख्ने गरी नमुनाहरूको निर्माण गर्ने। | • सूचना प्रविधि शाखा<br>• महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | • लैससास नीति कार्यान्वय समिति<br>• लैससास कार्यान्वयन उप-समिति<br>• सबै वडा कार्यालय<br>• सबै विषयगत | निरन्तर | प्रति वर्ष रु ५ लाख (आन्तरिक/बाह्य) | • सङ्कलित तथ्याङ्कहरू खण्डिकृत रूपमा राखि विश्लेषण गरिएको हुने। | • सफ्टवेयर<br>• सङ्कलित तथ्याङ्क<br>• प्रतिवेदन |
| २ | सामाजिक सूचना व्यवस्थापन प्रणालीको स्थानीयकरण गरिने सिलसिलामा नगरपालिकाको सूचना तथा तथ्याङ्क प्रणालीलाई सोही अनुसार एकीकृत गरी | | | | | • संघीय सरकारको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयद्वारा तयार पारिएको सामाजिक | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | व्यवस्थित बनाउने। | | शाखा<br>• संघीय मन्त्रालय (महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय)<br>• गैसस<br>• विकास साझेदार | | | सूचना व्यवस्थापन प्रणालीलाई स्थानीयकरण गरी व्यवहारमा प्रयोग भएको हुने। | |
| ३ | यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुको तथ्यांक संकलन गर्ने र तथ्यांकमा आधारित भई उनीहरुको जैविकिय अवस्था र अधिकारका बारेमा जनप्रतिनिधि, सामाजिक संघसंस्था, शिक्षक तथा विद्यार्थी तथा अन्य सरोकारवालाहरुसंग सचेतीकरण कार्यक्रम संचालन गर्ने । | • तथ्यांक शाखा<br>• महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | • लैससास नीति कार्यान्वय समिति<br>• सबै वडा कार्यालय<br>• गैसस<br>• विकास साझेदार | पहिलो वर्ष | रु ५ लाख | • तथ्यांक संकलन तथा सचेतिकरण कार्यक्रम सम्पन्न भएको | • सङ्कलित तथ्याङ्क<br>• सचेतिकरण कार्यक्रम प्रतिवेदन |
| ४. | महिनावारीको समयमा गर्ने भेदभाव तथा लान्छना विरुद्ध सम्मानित महिनावारी अभियान सञ्चालन गर्ने । | • स्वास्थ्य शाखा<br>• महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा<br>• नगर कार्यपालिका | • जिल्ला अस्पताल<br>• जनस्वास्थ्य कार्यालय<br>• सबै वडा कार्यालय<br>• गैसस<br>• विकास साझेदार | निरन्तर | रु ५ लाख (आन्तरिक/बाह्य) | • सम्मानित महिनावारीवारे सचेतना बढेको हुने। | • अभियान सञ्चालन फोटो, मिडिया रिपोर्टिङ, प्रगति प्रतिवेदन |
| **कार्यनीति (ग): महिला, दलित, पिछडिएको वर्ग, अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक आदिको आर्थिक, सामाजिक, राजनितिक र सार्वजनिक जीवनमा अर्थपूर्ण सहभागिता, पँहुच तथा नियन्त्रणमा बृद्धि गर्ने कार्यनीति लिई समावेशीकरण तथा सशक्तिकरण गर्ने छ।** | | | | | | | |
| १ | टोल/समुदायमा सामाजिक तथा आर्थिक परिचालनका लागि समूह गठन गर्दा महिला, पुरुष, लैङ्गिक तथा यौनिक तथा लैङ्गिक अल्पसंख्यक, ज्येष्ठ नागरिक लगायत समुदायका सबै जातजातिबाट समानुपातिक तवरले प्रतिनिधित्व हुने गरी समूहहरूको निर्माण गर्ने। | • सबै बिषयगत शाखा<br>• सबै वडा कार्यालय | • गैसस<br>• सहकारी<br>• वित्तिय संस्था<br>• विकास साझेदार | निरन्तर | छुट्टै बजेटको आवश्यक नपर्ने | • टोल समुदायमा गठन हुने सबै किसिमका समूह समितिहरूमा विभिन्न जातजातिबाट समानुपातिक प्रतिनिधित्व सुनिश्चित भएको हुने। | • समूहको निर्णय<br>• समावेशी लक्षित वर्गको संख्या<br>• अनुगमन प्रतिवेदन<br>• खण्डिकृत तथ्याङ्क<br>• नगरपालिकाको वेभसाइट |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | गठन भएका समूहलाई निरन्तर रूपमा सामाजिक परिचालन, नेतृत्व सीप, सम विकास लगायतका तालिम कार्यक्रमहरू आयोजना गरी सशक्तिकरण गर्ने। | • महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा | • लैससास नीति कार्यान्वयन समिति<br>• लैससास कार्यान्वयन उप समिति<br>• सबै विषयगत शाखा<br>• सबै वडा कार्यालय<br>• गै.स.स.<br>• विकास साझेदार | निरन्तर | प्रति वडा प्रति वर्ष रु १ लाख (आन्तरिक/बाह्य) | • वडा र टोलमा गठन भएका समूहलाई लक्षित गरी निरन्तर रूपमा सामाजिक परिचालन, नेतृत्व सीप, सम विकास लगायतका तालिम कार्यक्रम सम्पन्न भएको हुने। | • रातो किताब<br>• तालिममा सहभागीहरूको नामावली<br>• तालिम प्रतिवेदन |
| ३ | वडाहरूमा गठन भएका सहकारी संस्थाहरू मार्फत महिलाहरूको सामाजिक तथा आर्थिक सशक्तिकरण गर्ने। | • महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा | • लैससास नीति कार्यान्वयन समिति<br>• लैससास कार्यान्वयन उप समिति<br>• सबै विषयगत शाखा<br>• सबै वडा कार्यालय<br>• गै.स.स.<br>• विकास साझेदार | निरन्तर | प्रति वडा प्रति बर्ष रु १ लाख (आन्तरिक/बाह्य) | • वडाहरूमा गठन भएका सहकारी संस्थाहरू सक्रियतापूर्वक महिला सदस्यहरूको सामाजिक तथा आर्थिक सशक्तिकरणमा संलग्न भएको हुने। | • सहकारी संस्थाको प्रतिवेदन<br>• सहभागीहरूको नामावली<br>• फोटो |
| ४ | विगतमा समुदायमा महिला विकास कार्यक्रमद्वारा प्रवर्द्धित समूह, समिति र सहकारीहरूलाई पुनरताजगी तालिम प्रदान गरी लैङ्गिक समानता तथा महिला सशक्तिकरणको अभियानलाई निरन्तरता दिने। | • महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा | • लैससास नीति कार्यान्वयन समिति<br>• लैससास कार्यान्वयन उप-समिति<br>• सबै विषयगत शाखा<br>• सबै वडा कार्यालय<br>• गै.स.स.<br>• विकास साझेदार | निरन्तर | प्रति वडा प्रति बर्ष रु १ लाख (आन्तरिक/बाह्य) | • महिला समूह/समिति, सहकारीका सदस्यहरूले पुनरताजगी तालिम प्राप्त गरी महिलाहरूको सशक्तिकरणमा क्रियाशिल भएको हुने। | • अनुगम प्रतिवेदन<br>• तालिम प्रतिवेदन<br>• सहभागीको नामावली<br>• नगरपालिकाको वेभसाइट<br>• फोटो<br>• मिडिया रिपोर्टिङ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५. | यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुले ईच्छाईएको यौनिक तथा लैङ्गिक पहिचान तथा विबाहलाई कानूनी मान्यता दिन नागरिकता तथा विवाह दर्तालाई सहज गर्ने । | • तथ्यांक शाखा<br>• महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | • लैससास नीति कार्यान्वय समिति<br>• सबै वडा कार्यालय | पहिलो वर्ष | बजेट नचाहिने | • यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुले ईच्छाईएको यौनिक तथा लैङ्गिक पहिचान तथा विबाहको मान्यता पाएको | • नागरिकता, विवाह दर्ताको प्रमाण पत्र, मतदाता परिचय पत्र |
| ६ | किशोरी, अपाङ्गता भएका महिला, जेष्ठ महिला, दलित महिला, एच.आई.भी प्रभावित÷संक्रमित महिला, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, आदिवासी तथा जनजाती महिला, धार्मिक अल्पसंख्यक महिला, द्वन्द्व पिडित महिला, अपाङ्गता भएका महिला, मानव बेचबिखनका प्रभावित महिला, तथा एकल महिला आदि सहितको पालिकास्तरीय **महिला बिज्ञ समिति** गठन गरि नीति निर्माण तथा निर्णयहमा सहभागी गराउने । | नगरपालिका | • महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा<br>• महिलाको क्षेत्रमा काम गर्ने संघसंस्था । | २ बर्ष भित्र | • महिला बिज्ञ समितिले समावेशी नीति निर्माण तथा निर्णयहमा योगदान गर्ने छ । | महिला बिज्ञ समिति | • महिला बिज्ञ समिति गठन भएको निर्णय<br>• महिला बिज्ञ समिति सहभागी भएका वैठकको संख्या |
| **कार्यनीति (घ): विविधताको सम्मान गर्दै विपन्न बर्गहरू सँगको निरन्तर अभिमूखीकरण एवम् अन्तरक्रियाबाट सार्वजनिक वस्तु तथा सेवा सुविधा तथा वित्तिय स्रोतमा पहुँच अभिबृद्धि गर्ने योजना र कार्यक्रम निर्माण गरि कार्यान्वयन गरिने छ।** | | | | | | | |
| १ | सार्वजनिक क्षेत्र तथा निजी क्षेत्रमा समेत महिला तथा लक्षित वर्गका लागि सकारात्मक विभेदको नीति अवलम्वन गरी आवश्यकताअनुसार आरक्षणको व्यवस्था गर्ने। | • नगर कार्यपालिका<br>• महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | • प्रमुख प्रशासकीय अधिकृत<br>• सबै बिषयगत शाखा<br>• गैसस<br>• विकास साझेदार | निरन्तर | छुट्टै बजेट आवश्यक नहुने | • संघ र प्रदेशको नीतिलाई अवलम्वन गर्दै नगरपालिकाद्वारा ऐन नियम र निर्देशिकाको व्यवस्था गरी आरक्षण मार्फत महिला तथा लक्षित वर्गलाई नियुक्ति प्रदान गरिएको हुने। | • निर्णय पुस्तिका<br>• जनशक्तिमा विविधता |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **हिंसा निराकरण तथा पीडित/प्रभावितको संरक्षण** | | | | | | | |
| **उद्देश्य ४: समाजमा विद्यमान लैङ्गिकता तथा जातियतामा आधारित भेदभाव, हिंसा र शोषणका साथै हानीकारक परम्पराहरूको अन्त्य गरी सामाजिक विभेद मुक्त वातावरण सिर्जना गर्ने।** | | | | | | | |
| **नीति ४.१: महिला, किशोरी तथा बालिका विरूद्ध लक्षित सबै प्रकारका लैङ्गिक भेदभाव, शोषण, हिंसा र हानीकारक अभ्यासहरूको निराकरण गर्ने।** | | | | | | | |
| **रणनीति ४.१.१: स्थानीय तहमा लैङ्गिक हिंसा निवारणका अभियानहरू सञ्चालन गरिने छन्।** | | | | | | | |
| **कार्यनीति ४.१.१.१: समुदायमा लैङ्गिक हिंसा निवारणका लागि रणनीति तथा कार्ययोजना निर्माण गर्नुका साथै कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार नियन्त्रणका लागि आचार संहिता लागू गर्ने।** | | | | | | | |
| १ | स्थानीय समुदायमा लैङ्गिक हिंसा निवारणका लागि रणनीति तथा कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्ने। | • महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा<br>• न्यायिक समिति | • नगर कार्यपालिका<br>• लैससास नीति कार्यान्वयन समिति<br>• लैससास कार्यान्वयन उप-समिति<br>• गैसस<br>• विकास साझेदार | ६ महिना | रु २ लाख (आन्तरिक/बाह्य) | • नगरपालिकामा लैङ्गिक हिंसा निवारण रणनीति तथा कार्ययोजना निर्माण भएको हुने। | • निर्माण भएको रणनीति/कार्ययोजना<br>• निर्णय पुस्तिका |
| २ | कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार नियन्त्रण सम्बन्धी आचार संहिताको मस्यौदालाई अन्तिम रूप दिई लागू गर्ने। | | | १ बर्ष | रु १ लाख (आन्तरिक/बाह्य) | • नगरपालिकामा कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार नियन्त्रण आचार संहिता लागू भएको हुने। | • निर्माण भएको आचार संहिता<br>• निर्णय पुस्तिका |
| **कार्यनीति ४.१.१.२: मानव बेचबिखन तथा मानव तस्करी विरुद्ध रणनीति तथा कार्ययोजना बनाई कार्यान्वयन गर्ने।** | | | | | | | |
| १ | स्थानीय तहमा मानव बेचबिखन नियन्त्रणका लागि रणनीति तथा कार्ययोजना तर्जुमा गरी निरोधात्मक कार्यक्रमहरू सञ्चालन गर्ने। | • महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा<br>• न्यायिक समिति | • नगर कार्यपालिका<br>• लैससास नीति कार्यान्वयन समिति<br>• लैससास कार्यान्वयन उप-समिति<br>• गैसस<br>• विकास साझेदार | १ बर्ष | रु १ लाख (आन्तरिक/बाह्य) | • नगरपालिकामा मानव बेचबिखन नियन्त्रण सम्बन्धी रणनीति तथा कार्ययोजना निर्माण भएको हुने। | • निर्माण भएको रणनीति/कार्ययोजना<br>• निर्णय पुस्तिका |
| २ | मानव तस्करी विरूद्ध सचेतनाका कार्यक्रमहरू सञ्चालन गर्ने। | | | निरन्तर | प्रति वडा प्रति वर्ष रु ५० हजार (आन्तरिक/बाह्य) | • सबै वडाहरूमा मानव तस्करी विरूद्ध सचेतना कार्यक्रम आयोजना भई सो समस्याको रोकथाम भएको हुने। | • कार्यक्रममा सहभागीहरूको नामावली<br>• प्रगति प्रतिवेदन<br>• फोटो<br>• मिडिया रिपोर्टिङ<br>• प्रचार सामग्री |
| **कार्यनीति ४.१.१.३: महिला, शान्ति तथा सुरक्षा सम्बन्धी प्रस्ताव नं. १३२५ र १८२० कार्यान्वयन कार्ययोजनाको स्थानीयकरण गर्ने।** | | | | | | | |
| १ | महिला, शान्ति तथा सुरक्षा सम्बन्धी प्रस्ताव | • महिला, बालबालिका | • नगर | निरन्तर | प्रति वडा प्रति वर्ष | • गृह मन्त्रालयद्वारा महिला, | • प्रगति प्रतिवेदन |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | नं. १३२५ र १८२० कार्यान्वयन कार्ययोजनाको स्थानीयकरण गर्ने। | तथा ज्येष्ठ नागरिक शाखा<br>• न्यायिक समिति | कार्यपालिका<br>• लैससास नीति कार्यान्वयन समिति<br>• लैससास कार्यान्वयन उप-समिति<br>• संघीय सरकार (गृह मन्त्रालय)<br>• गैसस<br>• विकास साझेदार | | रु ५० हजार (आन्तरिक/बाह्य) | शान्ति तथा सुरक्षा सम्बन्धी प्रस्ताव नं. १३२५ र १८२० बारे तयार पारिएको दोश्रो कार्ययोजनाका स्थानीय तहसँग सम्बन्धित बुँदाहरू बारे सरोकारवालहरूलाई जानकारी भएको हुने। | • सहभागीहरूको नामावली |
| **रणनीति ४.१.२: समाजमा बाल संरक्षणलाई प्रवर्द्धन गर्दै हानिकारक परम्परा विरूद्धको अभियान सञ्चालन गरिने छन्।** | | | | | | | |
| **कार्यनीति ४.१.२.१: बाल मैत्री वडा र नगरपालिका घोषणा गर्ने सन्दर्भमा बाल संरक्षणका सवालहरू बारे प्रभावकारी रूपमा कार्यक्रमहरू सञ्चालन गर्ने।** | | | | | | | |
| १ | बाल मैत्री वडा र नगरपालिकाको अभियानलाई निरन्तरता दिने। | • महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | • नगर कार्यपालिका<br>• लैससास नीति कार्यान्वयन समिति<br>• लैससास कार्यान्वयन उपसमिति<br>• सबै विषयगत शाखा<br>• सबै वडा कार्यालय<br>• गैसस<br>• विकास साझेदार<br>• स्थानीय मिडिया | ५ वर्ष | प्रति वडा प्रति वर्ष रु १ लाख (आन्तरिक/बाह्य) | • नगरपालिकाका सबै वडाहरूमा बाल मैत्री स्थानीय शासनका सूचकहरू पुरा भई बाल मैत्री वडा घोषणा भएको हुने। | • निर्णय पुस्तिका<br>• घोषणा सभा<br>• नगरपालिकाको वेभसाइट<br>• कार्यक्रमको फोटो<br>• मिडिया रिपोर्टिङ |
| **कार्यनीति ४.१.२.२: नगरपालिकालाई बाल विवाह मुक्त बनाउने अभियानलाई प्रभावकारी रूपमा निरन्तरता दिने।** | | | | | | | |
| १ | बाल विवाह मुक्त नगरपालिका अभियान सञ्चालन गर्ने। | • महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | • नगर कार्यपालिका<br>• लैससास नीति कार्यान्वयन समिति<br>• लैससास कार्यान्वयन उप- | ५ वर्ष | प्रति वडा प्रति वर्ष रु १ लाख (आन्तरिक/बाह्य) | • नगरपालिकाका सबै वडाहरू बाल मैत्री वडा घोषणा भएको हुने। | • निर्णय पुस्तिका<br>• घोषणा सभा<br>• नगरपालिकाको वेभसाइट<br>• फोटो<br>• मिडिया रिपोर्टिङ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | समिति<br>• सबै विषयगत शाखा<br>• सबै वडा कार्यालय<br>• गैसस<br>• विकास साझेदार<br>• स्थानीय मिडिया | | | | |
| **कार्यनीति ४.१.२.३: लिङ्गका आधारमा गरिने गर्भपतन नियन्त्रण गर्न सचेतनाका कार्यक्रमहरू सञ्चालन गर्ने।** | | | | | | | |
| १ | लिङ्गका आधारमा गरिने गर्भपतन नियन्त्रण गर्न सचेतनाका कार्यक्रमहरू सञ्चालन गर्ने। | • स्वास्थ्य शाखा<br>• शिक्षा, युवा तथा खेलकुद शाखा | • नगर कार्यपालिका<br>• लैससास नीति कार्यान्वयन समिति<br>• लैससास कार्यान्वयन उप-समिति<br>• सबै विषयगत शाखा<br>• सबै वडा कार्यालय<br>• गैसस<br>• विकास साझेदार<br>• स्थानीय मिडिया | निरन्तर | प्रति वडा प्रति वर्ष रु ५० हजार (आन्तरिक/बाह्य) | • नगरपालिकाका सबै वडाहरूमा लिङ्गका आधारमा गरिने गर्भपतन नियन्त्रणका लागि सचेतना अभिवृद्धि भएको हुने। | • सूचना तथा शिक्षा सामग्री<br>• कार्यक्रममा सहभागीहरूको उपस्थिति<br>• नगरपालिकाको वेभसाइट<br>• फोटो<br>• मिडिया रिपोर्टिङ |
| **कार्यनीति ४.१.२.४: छाउपडी, छुवाछुत लगायत जातिय भेदभाव र हानीकारक अभ्यास अन्त्यका लागि सचेतनाका अभियानहरू सञ्चालन गर्ने।** | | | | | | | |
| १ | छाउपडी, छुवाछुत लगायत लैङ्गिक तथा जातिय भेदभाव र हानीकारक अभ्यास अन्त्यका लागि सचेतनाका अभियानहरू सञ्चालन गर्ने। | • महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | • नगर कार्यपालिका<br>• लैससास नीति कार्यान्वयन समिति<br>• लैससास कार्यान्वयन उप-समिति<br>• सबै विषयगत शाखा<br>• सबै वडा | निरन्तर | प्रति वडा प्रति वर्ष रु १ लाख (आन्तरिक/बाह्य) | • नगरपालिकाको सबै वडाहरूमा छाउपडी, छुवाछुत लगायतका जातीय भेदभाव र हानीकारक अभ्यास विरूद्ध सचेतनाका कार्यक्रमहरू आयोजना भई क्रमशः निराकरण भएको हुने। | • सूचना तथा शिक्षा सामग्री<br>• कार्यक्रममा सहभागीहरूको उपस्थिति<br>• नगरपालिकाको वेभसाइट<br>• फोटो<br>• मिडिया रिपोर्टिङ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | कार्यालय<br>• गैसस<br>• विकास साझेदार<br>• स्थानीय मिडिया | | | | |
| **नीति ४.२: स्थानीय तहमा सामाजिक तथा लैङ्गिक विभेद र हिंसाबाट पीडित/प्रभावितहरूका लागि सहयोगी संयन्त्रको विकास गरी संरक्षणको अनुभूति दिलाउने।** | | | | | | | |
| **रणनीति ४.२.१: महिला, किशोरी तथा बालिकाको यौन तथा प्रजनन् स्वास्थ्य र अधिकार सम्बन्धी अभियानहरू सञ्चालन गरिने छ।** | | | | | | | |
| **कार्यनीति ४.२.१.१: औपचारिक तथा अनौपचारिक शिक्षाका माध्यमद्वारा महिला तथा किशोरीहरूको यौन तथा प्रजनन स्वास्थ्य र अधिकार बारे सचेतना अभिवृद्धि गर्ने।** | | | | | | | |
| १ | औपचारिक तथा अनौपचारिक शिक्षाका माध्यमद्वारा महिला तथा किशोरीहरूको यौन तथा प्रजनन स्वास्थ्य र अधिकार बारे सचेतना अभिवृद्धि गर्ने। | • शिक्षा, युवा तथा खेलकुद शाखा<br>• स्वास्थ्य शाखा | • नगर कार्यपालिका<br>• सबै वडा कार्यालय<br>• गैसस<br>• विकास साझेदार<br>• स्थानीय मिडिया | निरन्तर | प्रति वडा प्रति वर्ष रु १ लाख (आन्तरिक/बाह्य) | • समुदायमा महिला तथा किशोरीहरूको यौन तथा प्रजनन स्वास्थ्य र अधिकार बारे सबै नागरिकहरूमा सचेतना अभिवृद्धि भएको हुने। | • सूचना तथा शिक्षा सामग्री<br>• कार्यक्रममा सहभागीहरूको उपस्थिति<br>• नगरपालिकाको वेभसाइट<br>• कार्यक्रमको फोटो<br>• मिडिया रिपोर्टिङ |
| २ | पाठेघर खस्ने र यौनरोगसम्बन्धी समस्या, अनिच्छुक गर्भधारण, असुरक्षित गर्भपतन, बाँझोपन तथा महिनावारी तथा मेनोपोज, फिस्तुला, गर्भनिरोधक साधन, दक्ष प्रसूति स्याहार लगाएत सुरक्षित मातृत्व, प्रजनन स्वास्थ्यका सम्पूर्ण सेवा, सुविधा तथा उपचारको पालिकास्तरमा व्यवस्था गर्ने। | • स्वास्थ्य शाखा<br>• महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | • जिल्ला अस्पताल<br>• जनस्वास्थ्य कार्यालय<br>• विकास साझेदार<br>• जिल्ला अस्पताल<br>• जनस्वास्थ्य कार्यालय | निरन्तर | रु ३० लाख (आन्तरिक/बाह्य) | • सुरक्षित मातृत्व, प्रजनन स्वास्थ्य उपचारको पालिकास्तरमा व्यवस्था भएको हुनेछ। | • महिला तथा किशोरीले सुरक्षित मातृत्व, प्रजनन स्वास्थ्यका सेवा लिएको रेकर्ड |
| ३ | महिनावारीको समयमा गर्ने भेदभाव तथा लान्छना विरुद्ध सम्मानित महिनावारी अभियान सञ्चालन गर्ने । | • स्वास्थ्य शाखा<br>• महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा<br>• नगर कार्यपालिका | • जिल्ला अस्पताल<br>• जनस्वास्थ्य कार्यालय<br>• सबै वडा कार्यालय<br>• गैसस<br>• विकास साझेदार | निरन्तर | रु ५ लाख (आन्तरिक/बाह्य) | • सम्मानित महिनावारीवारे सचेतना बढेको हुने। | • अभियान सञ्चालन फोटो, मिडिया रिपोर्टिङ, प्रगति प्रतिवेदन |
| ४. | लैङ्गिक हिंसा प्रभावितहरुको लागि तत्काल प्रतिकार्य सेवा प्रदान गर्नको लागि १ पालिका | • नगर कार्यपालिका | • विकास साझेदार<br>• न्यायिक | ५ वर्ष भित्र | रु ५० लाख (आन्तरिक/बाह्य) | • सेफ हाउस निर्माण भई सेवा उपलब्ध गराएको हुने । | • सेफ हाउस र यसले दिएको सेवा । |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | स्तरिय सेफ हाउसको स्थापना गर्ने । | | समिति<br>• महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | | | | |
| **कार्यनीति ४.२.१.२: सामुदायिक विद्यालयहरूमा आवश्यकता अनुसार निःशुल्क स्यानेटरी प्याड वितरण गर्ने कार्यलाई निरन्तरता दिने।** | | | | | | | |
| १ | सामुदायिक विद्यालयहरूमा आवश्यकता अनुसार निःशुल्क स्यानेटरी प्याड वितरण गर्ने कार्यलाई निरन्तरता दिने। | • शिक्षा, युवा तथा खेलकुद शाखा<br>• स्वास्थ्य शाखा | • महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा<br>• सबै वडा कार्यालय<br>• गैसस<br>• विकास साझेदार | निरन्तर | आवश्यकता अनुसार | • महिनावारी हुने उमेरका सबै छात्रा तथा महिला शिक्षकले निःशुल्क स्यानेटरी प्याड प्राप्त गरेको हुने। | • खर्चको फाँटवारी<br>• प्रगति प्रतिवेदन |
| **कार्यनीति ४.२.१.३: गर्भवती तथा सुत्केरी महिलाहरूको संस्थागत स्वास्थ्य स्याहारलाई प्रवर्द्धन गर्ने।** | | | | | | | |
| १ | गर्भवती तथा सुत्केरी महिलाहरूको संस्थागत स्वास्थ्य स्याहारलाई प्रवर्द्धन गर्ने। | • स्वास्थ्य शाखा | • महिला, बालबालिका तथा समाज कल्याण शाखा<br>• सबै विषयगत शाखा<br>• सबै वडा कार्यालय<br>• गैसस<br>• विकास साझेदार | निरन्तर | छुट्टै बजेटको आवश्यकता नपर्ने | • स्वास्थ्य संस्थामा गई सेवा लिने गर्भवती तथा सुत्केरी महिलाहरूको संख्या बृद्धि भएको हुने। | • लाभान्वीत महिलाको संख्या<br>• स्वास्थ्य संस्थाको अभिलेख<br>• प्रगति प्रतिवेदन |
| **रणनीति ४.२.२: लैङ्गिक हिंसाका पीडितका लागि हेरचाह तथा सहायता सेवालाई निरन्तरता दिइने छ** | | | | | | | |
| **कार्यनीति ४.२.२.१: लैङ्गिक हिंसा निवारण कोषको रकम वृद्धि गरी पीडित/प्रभावितलाई निरन्तर रूपमा सहयोग पुर्‍याउने।** | | | | | | | |
| १ | स्थानीय तहमा लैङ्गिक हिंसा निवारण कोष स्थापना भइसकेको सन्दर्भमा कोष वृद्धिका लागि प्रयास गर्ने। | • महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | • नगर कार्यपालिका<br>• आर्थिक प्रशासन शाखा<br>• संघीय सरकार (महिला, बालबालिका | निरन्तर | आवश्यकता अनुसार | • स्थानीय तहको लैङ्गिक हिंसा निवारण कोषमा रकम वृद्धि भएको हुने। | • निर्णय पुस्तिका<br>• प्रगति प्रतिवेदन |
| २ | लैङ्गिक हिंसा निवारण कोष परिचालन कार्यविधि अनुसार आवश्यकतामा परेका पीडित/प्रभावितलाई निरन्तर रूपमा सहयोग | | | निरन्तर | आवश्यकता अनुसार | • लैङ्गिक हिंसा निवारण कोष परिचालन कार्यविधि अनुसार लैङ्गिक हिंसाका | • निर्णय पुस्तिका<br>• सेवा प्राप्त गर्ने प्रभावितको संख्या |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | पुर्‍याउने। | | तथा ज्येष्ठ नागरिक मन्त्रालय)<br>• प्रदेश सरकार (सामाजिक विकास मन्त्रालय)<br>• गैसस<br>• विकास साझेदार | | | पीडित/प्रभावितलाई सहयोग पुर्‍याइएको हुने। | |
| | **न्यायिक समितिको सुदृढिकरण** | | | | | | |
| ३ | न्यायिक समितिको नेतृत्वमा जिल्ला तथा स्थानीयतहमा लैङ्गिकतामा आधारित हिंसामा काम गर्ने महिला सेल, OCMC, मेलमिलाप केन्द्र, सेफ हाउस लगायतका सयन्त्र र गैससको सहकार्य समिति बनाई समन्वय बैठक बस्ने र रेफरल (सम्प्रेषण) कार्यलाई प्रभावकारी बनाउने । | • न्यायिक समिति | • UNFPA, UN Women, महिला सेल, मेलमिलाप केन्द, गैसस, तथा OCMC | सहकार्य समिति गठनः १ वर्ष भित्र समन्वय बैठकः त्रैमासिक | रु ५ लाख (आन्तरिक/बाह्य) | • सहकार्य समिति गठन भई समन्वय र रेफरलमा सुधार भएको हुने । | • समिति गठन भएको निर्णय<br>• समन्वय बैठकको माइन्युट |
| ४ | लैङ्गिक विभेद, यौन दुव्र्यवहार, घरेलू हिंसा लगाएत सवै प्रकारका हिंसा, जातिय छुवाछुत, महिला तथा सिमान्तकृतका अधिकारवारे न्यायिक समितीको क्षमता अभिवृद्धिको गर्ने । | • नगर कार्यपालिका | • UNFPA, UN Women, गैसस, दातृ निकाय | बार्षिक | रु १ लाख (आन्तरिक/बाह्य) | • न्यायिक समितीको क्षमता अभिवृद्धि भएको । | • क्षमता अभिवृद्धिको लागि गरेका कृयाकलापको प्रतिबेदन |
| ५ | न्यायीक समितीले महिला हिंसा विरुद्धको गुनासो, उजुरी तथा लैङ्गिक हिंसाको केशलाई प्राथमिकतामा राखी तत्कालै सुनुवाई गर्ने र पुन त्यस्तो हिंसा दोहोरिएमा सम्वन्धित निकायमा पठाउने पद्धती विकास गर्ने ।<br>न्यायीक समितीले सुनुवाई गरेका वा गर्न नसकेका केशको मासिक समिक्षा वैठक गरि न्यायिक प्रक्रियालाई प्रभावकारी बनाउने । | • न्यायिक समिति | • नगर कार्यपालिका | निरन्तर | रु ५०००० (आन्तरिक/बाह्य) | • उजुरी तथा लैङ्गिक हिंसाको केश को तत्कालै सुनुवाई भएको,<br>• न्यायिक समितिले गम्भिर प्रबृतिका केश तत्कालै रेफरल (सम्प्रेषण) गरेको हुने,<br>• न्यायिक समितिको मासिक समिक्षा वैठक सम्पन्न भएको । | • न्यायिक समितिले रेफरल (सम्प्रेषण) गरेका केशको रेकर्ड<br>• समिक्षा बैठकको माइन्युट |
| **कार्यनीति ४.२.२.२: सेवा केन्द्र सञ्चालन तथा एकद्वार सङ्कट व्यवस्थापन केन्द्रको सञ्चालनलाई सुदृढ तुल्याउने।** | | | | | | | |
| १ | नगरपालिकामा सेवा केन्द्र सञ्चालनमा रहेको सन्दर्भमा थप प्रभाकारिताका लागि पहल गर्ने। | • महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | • नगर कार्यपालिका<br>• लैससास नीति कार्यान्वयन | निरन्तर | आवश्यकता अनुसार | • सेवा केन्द्र व्यवस्थापन समितिको बैठकको निर्णय | • निर्णय पुस्तिका<br>• सेवा केन्द्रबाट सेवा प्राप्त गर्ने प्रभावितको संख्या<br>• सेवा केन्द्रको प्रतिवेदन |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | समिति<br>• संघीय सरकार (महिला,बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय)<br>• प्रदेश सरकार (सामाजिक विकास मन्त्रालय)<br>• गैसस<br>• विकास साझेदार | | | | |
| २ | जिल्लामा एकद्वार सङ्कट व्यवस्थापन केन्द्रको सुदृढीकरणमा सहयोग पुर्‍याउने। | • स्वास्थ्य शाखा<br>• महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | • नगर कार्यपालिका<br>• लैससास नीति कार्यान्वयन समिति<br>• संघीय सरकार (स्वास्थ तथा जनसंख्या मन्त्रालय)<br>• गैसस<br>• विकास साझेदार | | | • जिल्ला सदरमुकामको स्वास्थ्य संस्थामा सञ्चालित एकद्वार सङ्कट व्यवस्थापन केन्द्र (OCMC) सँग समन्वय र सहकार्य अभिवृद्धि भएको हुने। | • निर्णय पुस्तिका<br>• OCMC बाट सेवा प्राप्त गर्ने प्रभावितको संख्या<br>• OCMC को प्रतिवेदन |
| **कार्यनीति ४.२.२.३ः लैङ्गिक हिंसा, मानव बेचबिखन, मानव तस्करीबाट पीडित/प्रभावितहरूका निम्ति मनोविमर्श सेवा प्रदान गर्ने।** | | | | | | | |
| १ | लैङ्गिक हिंसा, मानव बेचबिखन, मानव तस्करीबाट पीडित/प्रभावितहरूका निम्ति मनोविमर्श सेवा निरन्तर रूपमा प्रदान गर्ने। | • महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा<br>• स्वास्थ्य शाखा | • न्यायिक समिति<br>• गैसस<br>• विकास साझेदार | निरन्तर | प्रति वडा प्रति बर्ष रू ५० हजार | • समुदायमा पीडित/प्रभावितहरूले मनोविमर्श सेवा प्राप्त गरी लाभान्वीत भएको हुने। | • मनोविमर्श सेवा प्राप्त गर्ने लाभान्वीतको संख्या<br>• अनुगमन/प्रगति प्रतिवेदन |
| २ | CPSW, CPSW co-ordinator, Case manager निरन्तरता दिने | • नगर कार्यपालिका<br>• महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | • सबै विषयगत शाखा<br>• स्वास्थ्य शाखा | निरन्तर | आवश्यकता अनुसार (आन्तरिक/बाह्य) | • लैङ्गिक हिंसा विरूद्ध समुदायमा मनोविमर्श कार्यकर्ताहरू परिचालन गरी सम्बोधन भएको हुने।<br>• नगरपालिका र विकास साझेदारको साझेदारीमा CPSW, CPSW co- | • निर्णय पुस्तिका<br>• प्रतिवेदन<br>• CPSW, CPSW co-ordinator, Case manager को संख्या<br>• नगरपालिकाको वेभसाइट |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | ordinator, Case manager परिचालित भएको हुने। | |
| **कार्यनीति ४.२.२.४ : बैदेशिक रोजगार तथा श्रम आप्रवासनमा जान चाहनेहरूका लागि सुरक्षित आप्रवासन सम्बन्धी सूचना तथा सचेतना सम्बन्धी कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने।** | | | | | | | |
| १ | बैदेशिक रोजगार तथा श्रम आप्रवासनमा जान चाहनेहरूका लागि सुरक्षित आप्रवासन सम्बन्धी सूचना तथा सचेतना सम्बन्धी कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने। | • रोजगार सेवा केन्द्र | • नगर कार्यपालिका<br>• सबै विषयगत शाखा<br>• गैसस<br>• विकास साझेदार<br>• स्थानीय मिडिया | निरन्तर | आवश्यकता अनुसार | • समुदायमा सुरक्षित बैदेशिक रोजगार बारे सूचना प्रवाह भई नागरिकहरू सचेत भएको हुने। | • सूचना तथा शिक्षा सामग्री<br>• कार्यक्रममा सहभागीहरूको उपस्थिति<br>• नगरपालिकाको वेभसाइट<br>• कार्यक्रमको फोटो<br>• मिडिया रिपोर्टिङ |
| | | | | | | | |
| | | • | • | | | • | • |
| | | | • | | | • | • |
| | | • | | | | • | • |